*स्वीकृत मितिः २०७५/८/६*

नेपाल सरकार

# श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# श्रम अडिट मापदण्ड, २०७५

श्रम नियमावली, २०७५ को नियम ५६ को अधीनमा रही मुलुकभर सञ्चालनमा रहेका प्रतिष्ठानहरूले गर्नु गराउनुपर्ने श्रम अडिटको सम्बन्धमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले देहाय बमोजिम मापदण्ड बनाई जारी गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(क)यो मापदण्डको नाम "**श्रम अडिट मापदण्ड, २०७५**" रहेको छ ।

(ख)यो मापदण्ड तुरून्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई सम्झनुपर्दछ ।

(ख) "विभाग" भन्नाले श्रम तथा व्यवसायजन्य सुरक्षा विभागलाई सम्झनुपर्दछ ।

(ग) "कार्यालय" भन्नाले श्रम तथा रोजगार कार्यालयलाई सम्झनुपर्दछ ।

(घ) "प्रतिष्ठान" भन्नाले श्रम ऐन, २०७४ को दफा २ को देहाय (ञ) अनुसारको प्रतिष्ठानलाई सम्झनुपर्दछ ।

(ङ) "अडिटर" भन्नाले श्रम ऐन, २०७४ को दफा १०० र श्रम नियमावली, २०७५ को नियम ५६ बमोजिम श्रम अडिट गर्ने व्यक्ति वा संस्थालाई सम्झनुपर्दछ ।

(च) "श्रम अडिट" भन्नाले श्रम ऐन, २०७४, श्रम नियमावली, २०७५ र प्रचलित कानून बमोजिम प्रतिष्ठानमा कामकारबाही भए नभएको सम्बन्धमा गरिने अडिटलाई सम्झनुपर्दछ ।

३. **<u>श्रम अडिटको उद्देश्य</u>**

प्रतिष्ठानहरुमा विद्यमान कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गरी असल औद्योगिक सम्बन्ध कायम गर्न, श्रमिकको हकहित सुनिश्चत गराई समग्रमा उत्पादन र उत्पादकत्व अभिवृद्धिमा सघाउ

पुऱ्याउने श्रम अडिटको मुख्य उद्देश्य हो । यसका साथै श्रम अडिटका अन्य उद्देश्यहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

(क) श्रम सम्बन्धी नीतिगत एवम् कानूनी व्यवस्थाको परिपालनाको स्तर बढाउने,

(ख) श्रमिकहरुको गुनासो कम गराई प्रतिष्ठान प्रति उनीहरूको अपनत्व बढाउने,

(ग) सरकारको अनुगमन, नियमन र निरीक्षणको भार कम गर्ने,

(घ) प्रतिष्ठान स्वयंलाई नीतिगत एवम् कानूनी व्यवस्था कार्यान्वयन गराउन जिम्मेवार र जवाफदेही बनाउने ।

४. **<u>श्रम अडिटको क्षेत्र</u>**

प्रतिष्ठानको श्रम अडिट गर्न जिम्मेवारी तोकिएको व्यक्तिले कार्यसम्पादन गर्दा मुख्य रुपमा निम्न विषयहरु ध्यान दिनुपर्दछ ।

(क) श्रम ऐन, २०७४ तथा नियमावली, २०७५ मा भएका प्रावधानको परिपालना,

(ख) योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ तथा नियमावली, २०७५ मा भएका प्रावधानको परिपालना,

(ग) बोनस ऐन, २०३० तथा नियमावली, २०३९ मा भएका प्रावधानको परिपालना,

(घ) ट्रेड युनियन ऐन, २०४९ तथा नियमावली, २०५० मा भएका प्रावधानको परिपालना,

(ङ) श्रम नियमावली, २०७५ को अनुसुची १० बमोजिम अडिट प्रतिवेदनमा उल्लेख गर्नुपर्ने विषयहरु,

(च) प्रतिष्ठानबाट तयार गरिएको नियम/विनियमको परिपालना,

(छ) श्रम अडिटको सन्दर्भमा देखिएका अन्य सान्दर्भिक विषयहरू ।

५. **<u>अडिटरको योग्यता</u>**

श्रम नियमावली, २०७५ को नियम ५६ बमोजिम प्रतिष्ठानले देहाय बमोजिम योग्यता पुगेको व्यक्तिबाट श्रम अडिट गराउनु पर्नेछ ।

(क) प्रतिष्ठानले आफ्नै प्रतिष्ठानमा कार्यरत व्यवस्थापकीय तहको कर्मचारीबाट श्रम अडिट गराउन सक्नेछ ।

(ख) प्रतिष्ठान बाहिरको व्यक्ति वा संस्थाबाट श्रम अडिट गराउनुपर्दा निम्न बमोजिमको योग्यता भएको व्यक्ति वा संस्थाबाट गराउनुपर्नेछ ।

**व्यक्तिको योग्यता**

(क) नेपाली नागरिक,

(ख) कम्तीमा स्नातक तह उत्तिर्ण गरेको,

(ग) कुनै उद्योग प्रतिष्ठानको व्यवस्थापकीय कार्यमा कम्तीमा दुईको वर्ष अनुभव हासिल गरेको ।

**संस्थाको योग्यता**

(क) कानून बमोजिम दर्ता भएको,

(ख) संस्थाको उद्देश्य तथा कार्य क्षेत्रमा श्रम सम्बन्धी विषय उल्लेख भएको,

(ग) संस्थाले कुनै व्यक्तिलाई अडिटरको रूपमा खटाउनुपर्दा यस मापदण्डको दफा ५ को देहाय (ख) बमोजिम योग्यता पुगेको हुनुपर्नेछ ।

६. **श्रम अडिटको विधि**

श्रम अडिट गर्दा तपसिल बमोजिमका विधि अवलम्बन गर्नुपर्नेछ ।

**(क)** सम्बन्धित प्रतिष्ठानको संक्षिप्त विवरण संकलन र विश्लेषण,

**(ख)** स्थलगत निरीक्षण तथा अवलोकन,

**(ग)** अन्तरवार्ता,

**(घ)** अडिट टोली,

**(ङ)** आवश्यकतानुसारका अन्य उपयुक्त विधि ।

७. **प्रतिष्ठानको दायित्व**

श्रम अडिट गराउने प्रमुख दायित्व प्रत्येक प्रतिष्ठान स्वयंकै भएको हुँदा तोकिएबमोजिमको समयभित्र श्रम अडिट गराई नियमानुसार तोकिएको निकायमा प्रतिवेदन पेश गर्नुपर्नेछ । यसका साथै अडिट गराउँदा प्रतिष्ठानहरूले निम्न दायित्व निर्वाह गर्नुपर्नेछ ।

(क) प्रतिष्ठानबाट भए गरेका कामहरुको यथार्थ अवस्था सम्वन्धी विवरण अडिटरलाई उपलब्ध गराउनुपर्नेछ ।

(ख) अडिटरलाई दिनुपर्ने पारिश्रमिक तथा अन्य सेवा सुविधा उपलब्ध गराउनुपर्नेछ ।

(ग) अडिटको समयमा अडिटरको काममा आवश्यक पर्ने अन्य सहयोग उपलब्ध गराउनुपर्नेछ ।

(घ) श्रम अडिट प्रतिवेदनको एक/एक प्रति सम्बन्धित श्रम तथा रोजगार कार्यालय, श्रम सम्बन्ध समिति र आफ्नो प्रतिष्ठानसँग सम्बन्धित नियामक निकायमा समेत दिनुपर्नेछ ।

८. **<u>अडिटरको दायित्व</u>**

(क) प्रतिष्ठानबाट भए गरेका कामहरुको यथार्थ अवस्थाको आधारमा प्रतिवेदन तयार गरी प्रतिष्ठानमा पेश गर्नुपर्नेछ

(ख) तोकिएको समयभित्रै कसैको दबाव वा प्रभाव तथा लोभ लालचमा नपरी कार्यसम्पादन गर्नुपर्नेछ ।

(ग) अडिटको समयमा जानकारीमा आएका प्रतिष्ठानसँग सम्बन्धित सूचनाहरू कानून बमोजिम सार्वजनिक गर्न मिल्ने बाहेक अन्य पक्षलाई जानकारी गराउनु हुँदैन ।

९. यस मापदण्डमा उल्लेखित प्रावधानहरु विद्यमान ऐन नियमसँग बाझिएमा बाझिएको हदसम्म ऐन वा नियमावलीमा उल्लेखित प्रावधान नै लागू हुनेछन् ।

१०. मन्त्रालयले मापदण्डमा आवश्यक हेरफेर वा संशोधन गर्न सक्नेछ ।